दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १२६ | बुटवल | २०८२ बैशाख २०, गते शनिबार | नेपाल संवत ११४५ | Saturday May. 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
6«flkms rf]s lxdfnog
a}+ssf] ;fO8 -;'o{ nfO{km OG;f]/]G; ePsf]
ejg_ kmf]gM– )&!%$@%&!


# कस्तो छ नीति तथा कार्यक्रम ?

एकै ठाउँबाट सेवा दिन नागरिक सेवा केन्द्र, २०८३ सालभित्र नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्ने, विकट क्षेत्रमा आवासीय विद्यालय, आन्तरिक रोजगारी दशक घोषणा, वायुसेवा निगमको पुनर्संरचना, नेपाललाई योग तथा ध्यान पर्यटनको केन्द्र बनाउने, सामुदायिक र निजी विद्यालयको पाठ्क्रममा एकरूपता, सार्वजनिक सेवा प्रभावकारी बनाउन 'फेसलेस' कार्यक्रम, अनावश्यक संरचना खारेज, स्वास्थ्य बिमा बोर्ड पुनःसंरचना, सहकारीको साना बचत फिर्ता, स्नातकमाथिका विद्यार्थीलाई हप्ताको २० घण्टा काम 'जनरल नर्सिङ कार्यक्रम', स्पोर्ट्स स्कूल कार्यक्रमलगायतका विषय नीति तथा कार्यक्रमका विशेषता छन् ।

**लुम्बिनी संवाददाता**
*बुटवल*



सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकारका साझा न्यूनतम कार्यक्रमहरु संयुक्त सदनमा वाचन गरेर सुनाएका हुन् । सरकारले विकासको गति बढाउने, ठूला परियोजनामा लगानी केन्द्रित गर्ने, तीव्र आर्थिक वृद्धिदर हासिल गर्नेलगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिने जनाएको छ । नीति तथा कार्यक्रममा विद्यालय शिक्षा ऐन यही अधिवेशनबाट पारित गर्ने, विद्युतको अभाव हुन नदिन तथा आयात प्रतिस्थापन गर्न जलाशययुक्त आयोजना कार्यान्वयन, जेनजी पुस्तालाई प्राथमिकता दिएर स्टार्टअप प्रवर्धनलगायतका विषय समेटिएका छन् ।

त्यस्तै, यो पटकको नीति तथा कार्यक्रममा प्रधानमन्त्री र राष्ट्रपतिका नाममा राखिएका सबै परियोजनाको नाम फेरिएको छ। यही नीति तथा कार्यक्रमअनुसार आगामी बजेट सरकारले तर्जुमा गर्नेछ । सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा बैशाख २२ गतेदेखि छलफल सुरु हुने भएको छ। शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा सभामुख देवराज घिमिरेले सरकारको नीति कार्यक्रममाथि बैशाख २२ गतदेखि २८ गतेसम्म छलफल गर्ने कार्यसूची तय भएको जानकारी दिए।

सभामुख घिमिरेका अनुसार २८ गते नै प्रधानमन्त्रीले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिनेछन् । त्यस्तै, नीति तथा कार्यक्रममाथि संशोधनका लागि बैशाख २० र २१ गते कार्य व्यवस्था शाखामा संशोधनको सूचना दिन सकिने उनले जानकारी दिए ।

**एकै ठाउँबाट सेवा दिन नागरिक सेवा केन्द्र**

सरकारले विभिन्न निकायबाट प्रदान गरिने सेवा एकै ठाउँबाट प्रदान गर्ने भएको छ । सेवाग्राहीलाई सहजता र सुविधाका लागि भन्दै सरकारले नीति तथा कार्यक्रममार्फत् नागरिक सेवा केन्द्रको घोषणा गरेको हो । नीति तथा कार्यक्रम वाचन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले 'नागरिक सेवा केन्द्र'हरुबाट विभिन्न निकायबाट प्रदान गरिने सेवा एकै ठाउँबाट दिने तयारी रहेको बताए । सरकारले स्थानीय तहसँगको समन्वयमा यस्ता केन्द्रहरु स्थापना गर्ने घोषणा गरेको हो ।

**'फेसलेस' कार्यक्रम**

सार्वजनिक सेवा प्रभावकारी बनाउन 'फेसलेस' कार्यक्रम सञ्चालन गर्ने भनेको छ। सेवाग्राहीहरु घरमै बसेर अनलाइनबाट सेवा लिन पाउने, त्यसका लागि कार्यालयमा जान नपर्ने गरी केही निश्चित सेवाका लागि 'फेसलेस' सेवा भनेको हो ।

**अनावश्यक संरचना खारेज**

सरकारले फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने भएको छ। ती संरचनाको पहिचान गरी उसले गाभ्ने र हस्तान्तरण गर्ने योजना बनाएको छ । रामेश्वर खनाल नेतृत्वको आर्थिक सुधार आयोगले राजस्व अनुसन्धान विभागलगायतका निकायहरु खारेज गर्न सुझाव दिएको थियो । सरकारले कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिहरुलाई प्रशिक्षण गर्ने दुई निकायहरुलाई रुपान्तरण गर्ने विषय पनि नीति तथा कार्यक्रममा समेटेको छ। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई संघीयता अध्ययन प्रतिष्ठानमा रुपान्तरण गर्ने भनेको छ । अनि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई सार्वजनिक प्रशासन र शासकिय अभ्यास अनुसन्धान प्रतिष्ठान बनाउने घोषणा गरेको छ।

सरकारले बैंक खाता खोल्ने, सामाजिक सुरक्षा भत्ता, पेन्सनलगायतका केही क्षेत्रमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्ने रणनीति लिएको छ । सार्वजनिक सेवालाई सर्वसुलभ बनाउने घोषणासहित नीति तथा कार्यक्रममा तीन तहको सरकारबिच समन्वयात्मक र सहकार्य गर्ने उल्लेख छ। सरकारले निजामती सेवालाई उच्च मनोवलयुक्त बनाउने भनेको छ। नीति तथा कार्यक्रममार्फत् सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई सेन्टर अफ एक्सिलेन्ट बनाउने भनेको छ।

**ग्रे लिष्टबाट बाहिर निकाल्ने**

आर्थिक अपराधमाथिको निगरानीको अभाव र अनुशासनहिताका कारण नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को जोखिमपूर्ण सूची (ग्रे लिष्ट) मा परेको छ । त्यो घोषणा सार्वजनिक भएलगत्तै कतिपय मन्त्रीहरुले एक वर्षभित्र नेपाल ग्रे लिष्टबाट बाहिर निस्कने घोषणा गरेका थिए। सरकारले २०८३ सालभित्र नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्ने घोषणा गरेको छ। त्यसका लागि आर्थिक अपराधसम्बन्धी प्रचलित कानुनको कार्यान्वयन र अपराधमा संलग्नहरुमाथि कारवाहीलाई तीब्र बनाउनुपर्नेछ। सरकारले ग्रे लिष्टबाट बाहिर निकाल्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतका निकायहरुलाई सक्रिय बनाउने घोषणा गरेको छ।

**विकट क्षेत्रमा आवासीय विद्यालय**

सरकारले विकट क्षेत्रमा आवासीय विद्यालय खोल्ने घोषणा गरेको छ। सरकारले नीति तथा कार्यक्रममा आवसीय विद्यालय खोल्ने उल्लेख गरेको हो। निजी विद्यालयका लागि राष्ट्रिय नियमन मापदण्ड जारी गर्ने, शिक्षक दरबन्दीको पुनरावलोकन गर्ने, विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गर्ने, शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने घोषणा सरकारले गरेको छ।

शिक्षक किताबखानाका काम प्रणालीगत रूपमा क्रमशः प्रदेश सरकारलाई हस्तान्तरण गरिने घोषणा सरकारले गरेको छ । सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परिमार्जन गरेको छ । सरकारको नीति तथा कार्यक्रममा यो परिमार्जन गरिएको हो ।

'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई परिमार्जन गरी राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको रूपमा सुदृढ गरिनेछ।

**धौवादी फलाम कम्पनी पीपीपी मोडलमा**

सरकारले धौवादी फलाम कम्पनीलाई सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने जनाएको छ । दुवै सदनको संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले उक्त फलाम कम्पनीमा निजी क्षेत्र ल्याएर सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिने बताएका हुन् । उनले फलाम तथा खनिज पदार्थको उत्खननमा नयाँ प्रविधि प्रयोग गरिने पनि उनले बताएका छन् ।

उनले व्यावसायिक सम्भावना भएका रुग्ण उद्योगलाई व्यवस्थापनका उपयुक्त विधि अपनाइ पुनः सञ्चालन गरिने बताए ।

**प्रहरी र सशस्त्र प्रहरी विधेयक पारित गर्ने**

नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक पारित गर्ने सरकारले बताएको छ। अहिले यी दुबै विधेयक संसदमा पुगेका छन् । यसै अधिवेशबाट यी विद्येयक पारित गरिने पौडलले बताएका हुन्। सीमा सुरक्षासम्बन्धी कामलाई थप प्रभावकारी बनाउँदै लगिने सरकारले बताएको छ। त्यसका लागि सीमा सुरक्षा पोस्ट (बीओपी)हरु संख्या थप गर्दै लगिने बताइएको छ।

सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीको टोली खटिँदै आएको छ। सशस्त्रकै मुख्य जिम्मेवारी रहेको विपद् उद्दारमा थप प्रभावकारी काम गरिने बताइएको छ।

**आन्तरिक रोजगारी दशक घोषणा**

सरकारले इन्टर्नमा काम गर्ने विद्यार्थीलाई कार्यघण्टामा आधारित ज्याला प्रणाली लागु गर्ने घोषणा गरेको छ । आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले यस्तो घोषणा गरेका हुन् । उनले योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य गर्ने समेत घोषणा गरे । श्रम अडिटका माध्यमबाट आधारभूत श्रम मापदण्ड लागु गर्ने समेत नीति तथा कार्यक्रममा उल्लेख छ। दक्ष जनशक्ति पलायन रोक्न प्रयास गरिने समेत उनले बताए।

युवा रोजगारी सिर्जना गर्ने र आगामी दशकलाई आन्तरिक रोजगारी दशक घोषणा समेत उनले गरे। भृकुटीमण्डपलाई सरकारले अन्तर्राष्ट्रियस्तरको सभा सम्मेलन केन्द्र, मनोरञ्जन पार्कको रुपमा विकास गरिने भएको छ।

**वायुसेवा निगमको पुनर्संरचना**

सरकारले नेपाल वायुसेवा निगमको पुनर्संरचना गर्ने विषय पुनः दोहोऱ्याएको छ। पछिल्ला केही वर्षयता सरकारले यो विषय नीति तथा कार्यक्रममा छुटाएको छैन । तर, कार्यान्वयनमा समेत जान सकेको छैन । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकायका रूपमा विभाजन गर्ने दुई विधेयक संसद्को यसै अधिवेशनबाट पारित गर्ने घोषणा सरकारले गरेको छ। यी विधेयक संसद्मा दर्ता भइसकेका छन् ।

**योग तथा ध्यान पर्यटनको केन्द्र बनाउने**

सरकारले नेपाललाई योग तथा ध्यान पर्यटनको केन्द्र बनाउने घोषणा गरेको छ । पर्यटनलाई रोजगारी र समृद्धिको आधारका रुपमा विकास गर्ने राष्ट्रपतिले बताए। दीगो आय तथा रोजगारीमूलक, वातावरणमैत्री पर्यटन नीति कार्यान्वयन गरिने समेत राष्ट्रपतिको घोषणा छ । स्थानीयसम्म प्रत्यक्ष लाभ पुऱ्याइने र मौलिकता बचाई राख्ने विषय समेत नीति तथा कार्यक्रममा समेटिएको छ । सांस्कृतिक सम्पदाको संरक्षण गरिने भएको छ । हवाई सेवा र पूर्वाधारमा निजी क्षेत्रको प्रवर्धन गरिने भएको छ।

अब सम्भाव्यताको आधारमा मात्र विमानस्थल बनाउने घोषणा समेत राष्ट्रपतिले बताए ।

» बाँकी ४ पेजमा

## निजी मेडिकल कलेजको सम्बन्धन खारेज गर्ने मन्त्रीको चेतावनी

बुटवल । सरकारले तोकेबमोजिम निर्वाह भत्ता दिन तयार भएको भनेका निजी मेडिकल कलेजहरूले आवासीय चिकित्सकलाई काम गर्नबाटै रोकेका छन् । उनीहरूले काममा फर्किन खोजेका चिकित्सकलाई अस्पताल प्रवेश नै गर्न नदिएको पाइएको छ ।

ती कलेजका सञ्चालकहरूले आवासीय चिकित्सकको भत्ता बढाउनुअघि एमबीबीएस (स्नातक) को सिट र शुल्क बढाउनुपर्ने सर्त राखेका थिए। सरकारले उनीहरूका सर्त पूरा गर्न प्रक्रिया अघि बढाइसकेको छ। सरकारले यो प्रक्रिया अघि बढाएपछि मेडिकल कलेज सञ्चालकहरूले आवासीय चिकित्सकको भत्ता बढाउन तयार रहेको बताएका थिए । तर, तत्काल भत्ता बढाए पनि आठौँ तहको दर्जा नदिने गरी उनीहरू सरकारका विभिन्न निकायमा 'लबिइङ' मा लागिरहेका छन् ।

यो विवाद सुल्झाउन स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले शुक्रबार वार्तामा बोलाएका थिए । आवासीय चिकित्सकले आफूहरूलाई मेडिकल कलेजबाट काममा फर्किन रोक लगाएको जानकारी दिएपछि मन्त्री पौडेलले स्वास्थ्य बिमा रोक्नेदेखि सम्बन्ध खारेजसम्म हुन सक्ने चेतावनी दिएका छन् ।

'चिकित्सा शिक्षा आयोगको निर्णय कार्यान्वयन गर्नैपर्छ । निर्णय कार्यान्वयन गर्नैपर्छ। त्यो निर्णय मान्न स्वास्थ्य मन्त्रालय पनि मान्न बाध्य छ र सम्बन्धित संस्थाहरू पनि मान्न बाध्य छन्,' उनले भने-'यदि निर्णयको अवज्ञा गरिएमा सम्बन्धन खारेजीदेखि स्वास्थ्य बिमा सुविधा रोक्नेसम्मका कदम हामी चाल्छौँ। राज्यले गरेको निर्णय मान्दैनौँ भनेर कसैले भन्न पाउँदैन ।'

चिकित्सकलाई काममा फर्किन रोक लगाउनेहरूमा नेपाली कांग्रेसका सांसद सुनील शर्माको स्वामित्वमा रहेका विराटनगरको नोबेल मेडिकल कलेज र काठमाडौँको केएमसी रहेका छन् । यस्तै निजी मेडिकल कलेजहरूको संस्था एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा.ज्ञानेन्द्र कार्कीको विराट मेडिकल कलेजले पनि आवासीय चिकित्सकलाई काममा फर्किन रोकेको छ।

» बाँकी ३ पेजमा

## जथाभावी फोहोर फाल्नेप्रति आक्रामक



**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका जथाभावी फोहोर फाल्नेप्रति आक्रामक बन्दै गएको छ।

नगर प्रमुखको नारा 'क्लीन, ग्रिन, इकोफ्रेण्डली' लिएर नगरको फोहोर मैला व्यवस्थापन तथा सरसफाइको लागि अभियानकै रुपमा नगरपालिकाको टिम लागिरहँदा नगरका सडक, पेटी, नाला तथा गल्लीमा जथाभावी फोहोर फाल्नेविरुद्ध नगरपालिकाले कारबाहीको कदम सुरु गरेको हो ।

तोकिएको ठाउँभन्दा बाहिर फोहोर फाल्नु, फोहोर उठाएपछि पनि फोहोर फाल्नु, सार्वजनिक ठाउँमा फोहोर फाल्नुलगायतको काम हुँदै आएकोमा सम्बन्धितलाई नगरपालिकाले पटक-पटक सूचना जारी गर्दा समेत बेवास्ता भएपछि त्यस्ता काम गर्ने प्रति नगरपालिका आक्रामक भएको हो । ई-रिक्सा व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन, फुटपाथ व्यवस्थापन, नगर सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्नेतर्फ नगरपालिका लागिरहँदा नगरको विभिन्न क्षेत्रमा जथाभावी फोहोर फाल्नेलाई जरिवानाको दायरामा ल्याएको नगरपालिकाले जनाएको छ।

सफा, स्वच्छ र सुन्दर नगर बनाउने उद्देश्यका साथ नगरमा बिहानैदेखि नियमित सरसफाइ हुँदै आएको छ । सिद्धार्थनगरमा दैनिक २० देखि २५ टन फोहोर उत्सर्जन भइरहेको छ । नगरपालिकाले हरेक दिन विहानै देखि ९२ जना जनशक्ति लगाएर १२ वटा टयाक्टर, ठेला र कुचीकारहरुबाट फोहोर संकलन गरी डम्पिङ साइट लैजाने गरेको छ। तोकिएको ठाउ र नगरवासीको घर, व्यवसायिक प्रतिष्ठान र सार्वजनिक स्थलबाट फोहोरहरु नियमित रुपमा संकलन भएपनि केहीले नगरलाई दुर्गन्धित गर्ने हिसाबले जथाभावी फोहोर फाल्न लागेपछि नगरपालिकाले जरिवाना गराएको हो ।

नियमित सरसफाइ एवं फोहोरमैला घरघरमा पुगेर उठाउँदा पनि कतिपयले अटेर गरी सार्वजनिक स्थानमा फोहोर फाल्न नछाडेपछि बाध्य भएर जरिवाना काट्नुपरेको सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख (मेयर) इश्तियाक अहमद खाँले जानकारी दिए।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ बैशाख २०, गते शनिबार

तपाईंका लागि...



## बिट्विन द लाइन्स्...

मैले उघार्न नसकेको क्षितिज
उघार्न जाउ तिमी
मैले हेर्न नपाएको संसार
हेर्न जाउ तिमी
मैले छुन नभ्याएको आकाश
छुन जाउ तिमी
उठ छोरी, उठ............ ।
म तिमीलाई सुनौलो बिहानी दिन्छु !

– उषा शेरचन

('म तिमीलाई सुनौलो आकाश दिन्छु' कविताबाट)

सामयिक

# 'भरिया' शिक्षकहरूप्रति



रामचन्द्र श्रेष्ठ

शिक्षालाई ज्ञान प्राप्ति, ज्ञान उत्पादन, सीप हस्तान्तरणसंग जोडिएको छ । शिक्षालाई विभिन्न समयमा विभिन्न दार्शनिकहरुले फरक फरक ढंगले व्याख्या गर्ने कोशिस गरेका छन् । प्लेटोले शिक्षालाई व्यक्तिको शारीरिक र आत्मिक विकास गर्ने माध्यमको रुपमा बुझेका छन् । प्लेटोका अनुसार शिक्षाले व्यक्तिको नैतिक गुणको निर्माण गर्नुपर्छ । प्लेटोका लागि शिक्षक गुरु तथा नैतिक प्रशिक्षक हो ।

२९ दिन लामो शिक्षक आन्दोलन ९ बुँदे सहमति सहित हाललाई टुङ्गिएको छ। यो २९ दिन शिक्षकबारे नेपाली समाज अनेक पक्षबाट बहस गऱ्यो। चिया पसलदेखि मिडियाका अनेक मञ्चमा शिक्षक आन्दोलन चर्चाको विषय भयो। जति चर्चाको विषय बन्यो शिक्षक आन्दोलन त्यति शिक्षाको खास मुद्दा भने बहसमा आएन। शिक्षकका धेरै मागहरू नितान्त पेशागत हकहितसँग सम्बन्धित थिए । त्यसैले 'गैरशिक्षक' तप्काले आन्दोलनका मुद्दालाई आफ्नो विषय बनाउन कञ्जुस्याई गऱ्यो। शिक्षा ऐन मुख्य मुद्दा बनाइए पनि शिक्षक आन्दोलनले हाल संसदमा प्रस्तुत भएको शिक्षा विधेयकबारे पनि प्रशस्त छलफल उठाउन सकेन। यस्ता कैयौं कमजोरी हुँदाहुँदै पनि शिक्षक आन्दोलनले शिक्षकको सामाजिक प्रतिष्ठाको खोजी गऱ्यो । तर, आन्दोलनले किन समाजमा शिक्षकको प्रतिष्ठा खस्कँदो छ भन्ने प्रश्नमा गम्भीर चिन्तन गर्न खोजेन। यो लेख शिक्षक आन्दोलनको विश्लेषण र विमर्शसँग केन्द्रित छैन। शिक्षक आन्दोलनले चर्चा नगरेको शिक्षा र शिक्षककै विषयमा केही दार्शनिक अवधारणामा प्रबुद्ध पाठकहरूको ध्यानाकर्षण मात्र हो।

शिक्षालाई ज्ञान प्राप्ति, ज्ञान उत्पादन, सीप हस्तान्तरणसँग जोडिएको छ । शिक्षालाई विभिन्न समयमा विभिन्न दार्शनिकहरूले फरक फरक ढंगले व्याख्या गर्ने कोशिस गरेका छन् । प्लेटोले शिक्षालाई व्यक्तिको शारीरिक र आत्मिक विकास गर्ने माध्यमको रूपमा बुझेका छन्। प्लेटोका अनुसार शिक्षाले व्यक्तिको नैतिक गुणको निर्माण गर्नुपर्छ। प्लेटोका लागि शिक्षक गुरु तथा नैतिक प्रशिक्षक हो।

एरिस्टोटलले पनि शिक्षालाई शारीरिक र मानसिक विकासको माध्यम नै ठान्छन्। एरिस्टोटलको लागि शिक्षक प्रशिक्षक मात्र होइन उदाहरणीय व्यक्तित्व पनि हो। त्यस्तै धारणा कन्फुसियसको पनि छ। कन्फुसियसको लागि पनि शिक्षक अनुकरणीय व्यक्तित्व हो। जोन डिवेका लागि शिक्षक प्रशिक्षक र उत्प्रेरक हो। चाणक्यका लागि शिक्षक युगको निर्माता हो र शिक्षा जीवनपर्यन्त प्रक्रिया हो।

शास्त्रीय व्याख्यामा शिक्षा मानवीय प्रयत्नको प्रमुख औजार र शिक्षक 'रोल मोडेल' हो। शास्त्रीय व्याख्यालाई स्वीकार्ने हो भने शिक्षक समाजमा पूजनीय हुनुपर्ने। तर, किन शिक्षक आलोचित छ ?किन शिक्षण पेशा अरुचिकर बन्दो छ ? के यी प्रश्न ऐन निर्माणको क्रममा ज्वलन्त र सान्दर्भिक होइनन् ?

औद्योगिक क्रान्ति पछि शिक्षा राज्यको नागरिकको अधिकारको रूपमा रह्यो। आधुनिक राज्यमा शिक्षा राज्यको उद्देश्य अनुरूपको नागरिक उत्पादन गर्ने माध्यम बन्यो। शिक्षा लाक्षणिक भाषामा 'औंसीमा दियो' र शिक्षक 'नदी पार गराइदिने माझी' हो। तर, रुखो व्यवहारमा शिक्षा शासनको प्रमुख अस्त्र हो। औद्योगिक क्रान्तिसँगै शिक्षा आवश्यक जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा विकास हुँदै गयो। शिक्षाको पूर्ण अधिकार राज्यमा केन्द्रीत भयो । अहिले पाठ्यक्रम राज्यले निर्माण गर्छ। पाठ्यक्रम अनुसारको मूल्याङ्कनको सम्पूर्ण जिम्मा पनि राज्यको नै हुन्छ। राज्यले निर्माण गरेको प्रणालीभित्र बसेर शिक्षकले अध्यापन गर्छ। अनि को हो त शिक्षक ? शिक्षक भरिया हो। राज्यले निर्माण गरेको पाठ्यक्रम विद्यार्थीलाई थोपर्ने र राज्य परिभाषित असल नागरिक निर्माण गर्ने साधन बनिरहेको छ शिक्षक। शिक्षक विद्यार्थीलाई पाठ्यक्रमको भारी ओसार्ने काम गर्छ। आलोचनात्मक शिक्षाविद् पाउलो फ्रेरेले यसैलाई बैङ्किङ शिक्षा भनेका छन्। शिक्षा बैङ्क जस्तो भएको छ।

कतै सङ्ग्रहित छ र भरियारूपी शिक्षकले शिक्षाको भारीलाई कक्षा कक्षामा पुऱ्याउँछ । शिक्षकको स्वतन्त्र चिन्तन, आलोचनात्मक चेत, सिर्जनशीलतालाई बैङ्किक शिक्षा प्रणालीले पंगु बनाइरहेको छ । पाठ्यक्रम बनाउँछ एउटा, पाठ्यक्रम बोक्ने भरिया छ अर्को, पुस्तक लेख्ने अर्को, परीक्षा लिने अर्को र प्रतिफल सुनाउने पनि अर्कै । शिक्षक मात्र भरिया भएको छ। शारीरिक र मानसिक श्रमको विभेद भएको समाजमा भरियाप्रतिको दृष्टिकोण नकारात्मक रहेको छ। त्यसैले भरियारूपी शिक्षक पनि प्रतिष्ठाहिन बनिरहेको छ।

शिक्षक आन्दोलनले शिक्षकलाई भरियाबाट सर्जक बनाउने मुद्दा उठाउन सकेन । शिक्षकलाई आदर्श बनाउन सकेन । शिक्षक आन्दोलनले आक्रोश व्यक्त गऱ्यो। प्रतिष्ठा खोज्यो। सम्मान रहेन भनेर रुवाबासी पनि गऱ्यो तर आत्मसम्मानको लागि शिक्षक भरियाबाट सर्जक बन्नुपर्छ। नयाँ शिक्षा ऐन यसरी निर्माण हुनुपर्छ भन्न सकेन। खासमा यसतर्फ चिन्तन नै गरेन।

एउटा उदाहरण हेरौं, शिक्षक आन्दोलन र शिक्षाका बहस गर्नेहरूले छुटाएको । विचाराधीन शिक्षा विधेयकमा एउटा प्रावधान छ– गणित, विज्ञान र कम्प्युटर विज्ञान अङ्ग्रेजी माध्यममा पठनपाठन गर्ने। यो प्रावधानमा कोही पनि बोल्दैन। किन?डर छ। यो विषय उठाउन साथ 'तँलाई अङ्ग्रेजीमा पढाउने आँट छैन' भन्ने बात लाग्छ भनेर।

कतिपयलाई विश्वविद्यालय तहमा अङ्ग्रेजी माध्यम नै हुने भएकोले यो ठीकै हो भन्ने लाग्छ। खासमा विद्यालय तहमा गणित, विज्ञान शिक्षण गर्नुको उद्देश्य विज्ञान र गणितको आधारभूत ज्ञान दिनु हो । विज्ञानले आलोचनात्मक क्षमता विकास गर्ने हो र गणितले तार्किक बनाउने हो । यी सबै उद्देश्यको लागि भाषा बाध्यकारी हुनुहुँदैन। संसारमा विज्ञान र गणितमा राम्रो प्रगति गरेका देशहरूमा मातृभाषा नै पठनपाठन गरिएको छ । जर्मनीले जर्मन मै र चीनले चिनियाँ भाषामा नै विज्ञान र गणित अध्यापन गरेको छन्। तर, औपनिवेशिक सोच र म्याकले भूतले डामेकाहरूले अङ्ग्रेजी अनिवार्य राखेर सार्वजनिक शिक्षालाई थप ध्वस्त पार्ने प्रयत्न गरेका छन्।

शिक्षक आन्दोलनले यो विषय किन बोलेन ? किनभने शिक्षक संगठनहरू पनि औपनिवेशिक सोचबाट ग्रसित छन् । औपनिवेशिक सोचको भारी बोक्ने 'भरिया'लाई समाजले किन सम्मान पो गरोस् र ? लेखनको भाषा रुखो र छुच्चो सुनिएला तर सत्य त खरो नै हुन्छ नि होइन र ?

निबन्ध

# यादमा एक्लो यात्रा



अस्मिता अञ्जान

मेरा लागि यादहरू जीवन्त हुन्छन्। त्यसैले म सबै सम्हालेर राख्ने प्रयत्न गर्छु। म तस्वीरहरू सम्हालेर राख्छु। भविष्यको स्मृति बन्छ तस्वीर। चिनो बन्छ। जीवनमा जो आएका छन् पाठ सिकाएर गएका छन्। म ती पाठहरूलाई सम्हालेर राख्ने प्रयत्न गर्छु।

मान्छेले सिङ्गो जिन्दगी यादहरूमा बिताएको हुन्छ । कोही मान्छे साथ हुँदा यति धेरै माया देखाउँछकहिल्यै पनि उसको साथ छोड्दैन भन्ने भ्रम पार्छ ।जब ऊ जान्छ नि उसँगै उसको सबथोक लिएर जान्छ । उसले चाहेर पनि रोक्न सक्दैन । उ गएपछि आफुलाई सम्हाल्न गाह्रो पर्छ । जसोतसो आफुलाई सम्हाल्ने कोशिश गर्छ । अब उसलाई यो कुराको बिस्तारै बानी पर्दै जान्छ। यी अनवरत क्रमहरूले उसमा एकान्तमा बाँच्ने बानी पार्छ। अब उसको लागि कोही आओस् कि जाओस् केही फरक पर्दैन । यसरी मान्छे एक्लै बाँच्न सिकिसकेको हुन्छ । उ एक्लै रमाउन थाल्छ। अनेक मान्छेहरू उसको खुट्टा तान्छन्। ऊ चुपचाप सहिरहेको हुन्छ। उसलाई थाहा छ बोल्नुको केही औचित्य छैन वा उसको लागि बोली औचित्यहिन हुन्छ। समयले मान्छेलाई धेरै धेरै सिकाउँदो रहेछ।

मेरा लागि यादहरू जीवन्त हुन्छन् । त्यसैले म सबै सम्हालेर राख्ने प्रयत्न गर्छु। म तस्वीरहरू सम्हालेर राख्छु। भविष्यको स्मृति बन्छ तस्वीर। चिनो बन्छ। जीवनमा जो आएका छन् पाठ सिकाएर गएका छन्। म ती पाठहरूलाई सम्हालेर राख्ने प्रयत्न गर्छु।

साँझ मेरो लागि प्रिय बनिदिन्छ। सन्ध्याको क्षितिज हेर्छु । अस्ताउँदै गरेको घाम चुपचाप बिदा मागिरहेको लाग्छ। मनमनै भोली भेट्ने बाचा गर्छु। के थाहा भोली बादल पो लागिदिन्छ कि ? चराहरू गुँड फर्किन हतारिरहेका हुन्छन्। बाटोभरि मानिसहरू घर जान हतारिएका हुन्छन्। भिडभाड र ट्राफिक जाम। म चुपचाप यसै यसै हिंडिरहेको हुन्छु। साँझमा दिन पनि त जान हतारिरहेको हुन्छ।

यसै यसै बरालिंदै सडकमा हिंड्छु। छाडा गाईवस्तु देख्छु । ती अबोध प्राणीहरू बिचल्लीमा छन् । तिनको भोको अनुहारले मन मलिनो पार्छ । कुकुरहरू भोकाएर पछि लाग्छन्। कहिलेकाहीं बिस्कुट दिन्छु। वृद्ध आमाहरू बाटोमा माग्दै गरेको दृश्यले मन सताउँछ।

यी सबै दृश्यहरूले मलाई दिक्क पार्छ अनि म पुनः एकान्तमा फर्कन्छु। प्रश्नहरू कत्ति छन् कत्ति तर मलाई एकान्त नै प्रिय लाग्छ । म एकान्तमा आफ्ना यादहरू सुम्सुम्याउँछु र एकान्तलाई प्रेम गर्छु। आखिर हरेक मान्छे एक्लै त हुन्छ। मान्छे एक्लै जन्मन्छ र एक्लै नै जान्छ। साथहरू क्षणिक हुन्। यात्राको सहयात्री मात्र। यात्रा त एक्लो हुन्छ।

अनि गुन्गुनाउँछु भैरव नाथ रिमाल रचित दीप श्रेष्ठको स्वरः

'हुँ यात्री एउटा रुमल्ली हिंड्ने अँधेरी रातमा
हुँ यात्री एउटा कहानी लेख्ने जङ्गली पातमा...'

## कविता

# फरक



शंकर भण्डारी

तिमीले फूल माग्यौ उपहारमा
मैले सकिन
निर्दोष फूल चुडेर
तिम्रो चुल्ठो सजाउन
फेरि माग्यौ तिमीले जून
मैले सकिन
धर्ति अँध्यारो बनाएर
तिम्रो निधारमा सिउरिदिन
त्यसपछि माग्यौ तारा
मैले सकिन
आकास रित्तो पारेर
तिम्रो ओठमा टाँसिदिन

मागेको भए दिन्थे
फूलभन्दा कोमल
एकथुङ्गा कविता
जून भन्दा उज्यालो विस्वास
ताराहरूभन्दा चम्किलो हाँसो

तिमीले मागेनौ
मैले दिनै सकिन
मैले दिनसक्ने
तिमीले माग्दै मागिनौ
बरू नमाग्दै तिमीले
दिएर गयौ मलाई
जीवनभरलाई पुग्ने
एउटा नमिठो याद

;Gbe{ ljZj k]; :jtGqtf lbj;

# कहिलेसम्म असुरक्षित नेपाली मिडिया



विनोद परियार



प्रत्येक वर्ष मे ३ तारिखका दिन विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आइरहेका छौं । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक सहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विन्डहक घोषणापत्र' जारी गरेको त्यही दिनको स्मरणमा प्रत्येक वर्ष मे ३ मा विश्वभर प्रेस स्वतन्त्रता दिवस (प्रेस फ्रिडम डे) मनाउँदै आइरहेका छौं । सन् १९९३ देखि संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेको हो । यो वर्ष राष्ट्रसंघले प्रेस स्वतन्त्रता र मिडियामा कृत्रिम बौद्धिकता (एआई) को प्रभाव भन्ने नाराका साथ मनाउन अपिल गरेको छ। तर, नेपाली मिडयाको अवस्था भने अझैं पनि पेशागत असुरक्षाकै भूमरीमा छौं । विश्वमा प्रविधिको विकासँगै एआईको प्रभावका विषयमा बहस गरिरहँदा आजको दिनमा पनि हामी पत्रकारको भौतिक सुरक्षा र सेल्फ सेन्सरसिपबाट उन्मूक्तिको लडाईंमा छौं । अझ भनौं, शासनपद्धतीको हिसाबले उन्नत लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा पनि प्रेस स्वतन्त्रताको रक्षाका लागि लड्नु परिरहेको छ । नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । तर, यतिखेरको ताजा घटनाक्रमले संविधानमा लेखिएको पूर्ण प्रेस स्वतन्त्रता कै मजाक गरिरहेको छ। पछिल्लो २ महिनायता देशभर भइरहेका विभिन्न समूहरूको प्रदर्शनको निशानामा मिडियाकर्मी परेका छन् । भौतिक आक्रमण मात्रै होइन, असुरक्षाको विन्दु यो स्थानमा आइपुगेको छ की, अहिले मूलधारका प्रख्यात मिडियाले परिचयसहित रिर्पोटिङ गर्न सक्ने अवस्था छैन । सामाजिक सञ्जालमा पत्रकार र मिडियाप्रतिको लान्छाना घृणायुक्त मात्रै छैन, बहिष्कार गर्नेसम्मको छ । यसो भनिरहँदा नेपाली मिडिया आलोचनाभन्दा बाहिर हुनैहुँदैन भन्ने होइन । मिडियाको कमजोरीबारे हामी आफैं पनि आलोचित हुने र सच्चिनुपर्ने ठाउँ छ। तर, अहिले देखिएको असुरक्षाको प्रवृत्ति खतरनाक नै छ। फिल्डमा ढुक्कसँग रिर्पोटिङ गर्ने वातावरण छैन । टेलिभिजन पत्रकारले फिल्डमा 'बुमवाईक' लुकाएर, मास्क लगाएर रिर्पोटिङ गर्नुपर्ने अवस्था आफैंमा खतरा होइन। यस हिसाबले नेपालमा प्रेस स्वतन्त्रतामाथिको कालोबादल थप मडारिएको तथ्य लुक्दैन ।

**केही दृष्टान्तहरूको चर्चा गरौं**

२०८१ चैत १५ गते काठमाडौंमा राजावादी समूहको आन्दोलनका क्रममा एभिन्यूज टेलिभिजनमा कार्यरत पत्रकार सुरेश रजकको आततायी रूपमा जलाएर हत्या गरियो । उनको हत्या जुनसुकै समूहबाट भए पनि यो सिंगो पत्रकारिता माथिको आक्रमण हो ।

पत्रकार रजकलाई आगो लगाएर जलाएर निर्मम रूपमा हत्या मात्रै गरिएन, कान्तिपुर टेलिभिजन, अन्नपूर्ण पोष्टलगायतका मिडिया हाउसमा आक्रमण भयो । यो घटनामा नेपाल पत्रकार महासंघले आन्दोलनको घोषणा गर्दै छानविन आयोग नै गठनको माग गऱ्यो । तर, सरकारले यसको निष्पक्ष छानविन गर्ने विषय आलटाल गरिरहेको छ। रजकको हत्याको विषयमा महासंघ आन्दोलनमै रहेको बेला बैशाख १४ गते शिक्षक र प्रहरीको भिडन्तको समाचार संकलनमा खटिएकी प्राइमटाइम टेलिभिजनका पत्रकार सविना कार्कीको आँखामा पानीको फोहोराले घाइते बनायो । कार्कीको आँखाको भित्री भागसम्म नै चोट लागेको छ । यी दुई घटना पछिल्लो समय काठमाडौंको सडकमा भएका प्रदर्शनका क्रममा भएका हुन् । यी बाहेक देशैभर पत्रकारहरूमाथि धरपकड, आक्रमण, धम्की र दुर्व्यवहारका घटनाहरू भइरहेका छन् ।

रूपन्देहीको भैरहवाबाट एपिवान टेलिभिजनमा कार्यरत पत्रकार राधेश्याम विश्वकर्मालाई दुर्व्यवहार गर्दै एक समूहले बैशाख ८ गते खिँचिएको भिडियो र फोटो नै मेटाइयो । मायादेवी गाउँपालिका ६ मकरीमा मन्त्री सहभागी हुने कार्यक्रमको समाचार संकलनका क्रममा भैरहवा-मर्चवार सडकमा सामान ल्याउँदै गरेको फोटो खिँचेपछि पत्रकार विश्वकर्मालाई आफूलाई दिपेश यादव बताउने तस्करको समूहले दुर्व्यवहार गरेको हो । विश्वकर्मालाई घेरा हालिरहँदा प्रहरी मुखदर्शक भएर बस्यो । यो घटनाको चौतर्फी विरोध भएपछि प्रहरीले यादवलाई पक्राउ गरेर कारबाही थालिएको छ । तर, यसका लागि पत्रकारहरूको समूहले ठूलै दबाब दिनुपऱ्यो । नेपाल पत्रकार महासंघकै तथ्यांकलाई मात्रै हेर्ने हो भने पत्रकारमाथिको असुरक्षा बद्दोत्रममा छ । जिल्ला जिल्लामा पत्रकारहरूलाई समाचार लेखेकै आधारमा धम्की दिने, दुर्व्यवहार गर्ने, प्रशासनबाटै समाचार प्रकाशन प्रशारणमा समेत रोक लगाउनेसम्मका घटना भएका छन् । बैशाखयता मात्रै देशैभर ८ जना पत्रकारमाथि आक्रमण, दुर्व्यवहारका घटना भएको नेपाल पत्रकार महासंघको केन्द्रीय तथ्यांकले देखाएको छ।

खबरहव डटकमका पत्रकार सुमित मिश्रलाई धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले बैशाख १२ गते समाचारको विषयलाई लिएर फोनबाट धम्की दिए। राष्ट्रिय समाचार समितिका पत्रकार पूर्णप्रसाद मिश्रलाई समाचार संकलनका क्रममा निर्माण व्यवसायी संघको प्रतिनिधि बताउने एक व्यक्तिलेबैशाख ९ गते सडकको तस्विर खिँचेको भन्दै धम्क्याउँदै खिँचेको तस्विरहरू डिलिट गर्न उर्दी दिए।

पर्सामा स्थानीय प्रशासनले समाचार सामग्री प्रशारणमा रोक नै लगायो । महासंघका केन्द्रीय सचिव अशोक तिवारी सञ्चालक रहेका 'ए न्यूज' मा मिति २०८२ बैशाख ६ गते साँझ ६ बजे प्रशारणको तयारीमा रहेको सामग्री पुनर्विचार गर्न भन्दै स्थानीय प्रशासनले अनाधिकृत तबरले समाचार प्रशारण नगर्न दबाब दियो । समाचार संकलनका क्रममा वीरगञ्जमा बैशाख २ गते प्रदर्शनकारी र प्रहरीको आक्रमणमा परी तीन जना पत्रकार घाइते भए। चन्द्रसूर्य वाणीका धीरेन्द्र तिवारी, एभिन्यूज टेलिभिजनका अर्जुन गुप्ता र मध्य नेपाल सन्देशका अनिल ओझामाथि ढुंगा र लाठी प्रहार गरियो । यता समाचारको विषयमा फोनमा कुरा गर्दा बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले बैशाख ५ गते मिसन टुडे दैनिकका पत्रकार शुभाकर विश्वकर्मालाई अपशब्द प्रयोग गरी गालीगलौज गरे । यी त केही प्रतिनिधि घटना मात्रै हो, २०८२ को सुरुवातसँगै नेपाली प्रेस र पत्रकारहरूमाथि श्रृंखलाबद्ध आक्रमण र दुर्व्यवहारको घटनाले प्रेस स्वतन्त्रता खुम्चिँदै गएको दृश्य देखाएको छ।

**हत्या, आक्रमण र दुर्व्यवहार बढ्यो**

त्यसो त नेपाल पत्रकार महासंघको तथ्यांकले पछिल्ला वर्षहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि बाधा अड्चनहरू बढ्दै गएको देखाएको छ । महासंघको प्रेस स्वतन्त्रता अभिलेखअनुसार सन् २०२४ मार्च ४ यता हालसम्म ८४ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू भएका छन् । यसमध्ये २ जना पत्रकारले ज्यान गुमाएका छन् । २८ जना पत्रकारहरूमाथि आक्रमण, २४ जना पत्रकारहरूमाथि समाचार संकलनमा अवरोध, १३ जनामाथि धम्की, १५ जनालाई दुर्व्यवहार भएको छ।

राष्ट्रिय तथ्यांकमा मात्रै होइन, विश्वव्यापी रूपमा समेत नेपालको प्रेस स्वतन्त्रताको छवि त्यति राम्रो छैन । सन् २०२३ को तुलनामा सन् २०२४ मा प्रेस स्वतन्त्रताको सूचांकमा नेपालमा केही सुधार भएको देखिन्छ । विश्वकै प्रेस स्वतन्त्रताको निगरानी र खबरदारी गर्ने संस्था रिपोर्टर्स विदआउट बोर्डर्स (आरएसएफ) ले सन् २०२४ मा सार्वजनिक गरेको सूचांकअनुसार १८० देशहरूमा नेपाल ७४औं स्थानमा छ। सन् २०२३ मा ९५औं स्थानमा रहेको नेपालको प्रेस स्वतन्त्रता केही हदभए पनि सुधार भएको देखिन्छ। तर, सन् २०२५ मा भएका घटनाहरूले यो अवस्थामा गिरावट आउने देखिन्छ नै। सन् २०२२ मा सूचांकमा उकालो लागेको नेपालको प्रेस स्वतन्त्रता ओरालो यात्रामै छ। सन् २०२१ मा १०६औं स्थानबाट प्रेस स्वतन्त्रताको कसीमा नेपाल एकै वर्षमा ३० स्थानमाथि उक्लिएको थियो । आरएसएफले सन् २००२ देखि प्रेस स्वतन्त्रताको सूचीकरण गर्न थालेको हो । यो दुई दशकको तथ्यांकमा नेपालको प्रेस स्वतन्त्रता क्रमशः सुधार हुँदै गए पनि उतारचढाव छ। आज पनि विश्वमा नर्वे प्रेस स्वतन्त्रताको सूचांकमा एक नम्बरमा छ । त्यसपछि क्रमशः डेनमार्क, स्विडेन, नेदरल्याण्ड, फिनल्याण्डलगायतका देशहरू प्रेस स्वतन्त्रतामा अगाडि छन्।

**पेशागत सुरक्षाको लडाइँ कहिलेसम्म ?**

राणा शासनमा वाकस्वतन्त्रता र स्वतन्त्र प्रेसको कल्पना गर्न पनि सकिदैनथ्यो । विसं. २००७ सालमा प्रजातन्त्र बामे सर्दै अगाडि बढेको नेपाली पत्रकारिता २०१७ सालमा तत्तकालिन राजा महेन्द्रले शासनसत्ता हातमा लिएर निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछि निमोठियो । २०४६ सालसम्म पूर्ण नियन्त्रित रूपमा पत्रकारिता चल्यो। २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था स्थापनासँगै बनेको नयाँ संविधानले स्वतन्त्र प्रेसलाई हुर्कन दियो।

२०६२/०६३ सालको जनआन्दोलनपछि नेपाली पत्रकारिता र प्रेस क्षेत्रको विकास समेत तीव्र भयो। ४६ पछि माओवादीको १० वर्षे जनयुद्धमा समेत राज्य र विद्रोही दुवै पक्षबाट नेपाली प्रेस असुरक्षित बने । तर, ०६२/०६३ सालको आन्दोलनपश्चात् ढाइसय वर्ष पूरानो राजतन्त्रको अन्त्यसँगै गणतन्त्रात्मक शासन पद्धती स्थापना भयो। त्यसपछि बनेको नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएको छ। नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ। धारा १९ मा सञ्चारको हकअन्तर्गत उपधारा १ मा सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुने सामग्रीमा पूर्वप्रतिबन्ध नलगाइने, २ मा सञ्चारमाध्यमको बन्द, जफत वा दर्ता खारेज वा सामग्री जफत नगरिने तथा ३ मा सञ्चारसाधनलाई अवरुद्ध नगरिने व्यवस्था छ।

यसैगरी धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। संविधानको यो व्यवस्थालाई हेर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका हिसाबले सकरात्मक नै देखिन्छ । तर, संविधानअनुसार प्रेससम्बन्धी कतिपय कानुन बनेकै छैन । सरकारले मिडिया काउन्सिल विधेयक राष्ट्रियसभाबाट पारित त गरेको छ। त्यो सँगै सामाजिक सञ्जाल सम्बन्धमा ल्याइएको विधेयकले फेरि झस्काएको छ। एकातिर कानुन बनेकै छैन। अर्कोतिर विभिन्न स्वार्थ समूहको निशानामा नेपाली मिडिया परेको छ । पत्रकारहरूले चाहेर पनि मुद्दा उठाउन सकेका छैनन् । एक प्रकारले भन्दा अघोषित 'सेन्सरसिप' छ । मानसिक रूपमा मात्रै होइन भौतिक रूपमा पनि असुरक्षित महसुस पत्रकारहरूले गरेका छन् । विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै गर्दा नेपाली पत्रकारिता कहिलेसम्म असुरक्षित भइरहने भन्ने प्रश्नकै खोजीमा रूमलिनु आफैंमा विडम्बनापूर्ण छ।

*(परियार दुई दशकदेखि पत्रकारितामा सक्रिय छन् । उनी नेपाल पत्रकार महासंघ रूपन्देहीका सल्लाहकार हुन् ।)*

# खराब कर्जा व्यवस्थापन गर्न छुट्टै कम्पनी, नेप्सेको पुनःसंरचना गरिने




काठमाडौँ। बैंक तथा वित्तीय संस्थाहरूको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापन गर्नका लागि सरकारले सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) कम्पनी खोल्ने भएको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममार्फत सरकारले यस्तो कम्पनी स्थापना गर्ने जनाएको हो। त्यस्तै, डिजिटल बैंक स्थापना, नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को पुनःसंरचनालगायतका विषयहरू पनि नीति तथा कार्यक्रममा अटाएका छन्।

"दोस्रो वित्तीय क्षेत्र विकास रणनीति लागू गरिनेछ। बैंक तथा वित्तीय संस्थाको गैर बैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गरिनेछ", नीति तथा कार्यक्रममा भनिएको छ, "सूचना प्रविधि पूर्वाधार विस्तार गरी डिजिटल अर्थतन्त्रको विकास र नगदरहित वित्तीय कारोबार अभिवृद्धि गरिनेछ। नीतिगत तथा कानुनी व्यवस्था गरी डिजिटल बैङ्क स्थापना गरिनेछ।" धितोपत्र बोर्ड सुदृढीकरण तथा स्टक एक्सचेन्ज पुनर्संरचना गरी पुँजी बजारको क्षमता एवम् पारदर्शिता वृद्धि गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई थप सुदृढ गर्दै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका निकायबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूबिच समन्वय गरिने जनाइएको छ। "सामाजिक सुरक्षा कोष सुदृढीकरण रणनीति कार्यान्वयन गरिनेछ । बिमा सेवालाई सर्वसुलभ र भरपर्दो बनाइनेछ", नीति तथा कार्यक्रममा भनिएको छ-"भौतिक सम्पत्ति बिमा प्रवर्द्धन गर्दै बिमा सूचना केन्द्र कार्यान्वयनमा ल्याइनेछ। ग्रामीण तथा निम्न आय वर्गलाई बिमामा समेट्न बिमा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।"

सरकारको वार्षिक नीति तथा कार्यक्रममा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्दै अर्थतन्त्रलाई गतिशील बनाइने पनि उल्लेख छ । त्यस्तै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिका लागि सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्नुका साथै वित्तीय तथा मौद्रिक नीतिबिच सामञ्जस्यता कायम गरिने जनाइएको छ।

निजी लगानी प्रवर्द्धनका लागि थप नीतिगत सुधार र प्रक्रियागत सरलीकरण गरी व्यवसायमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता सरकारले आफ्नो नीति तथा कार्यक्रममार्फत जनाएको छ। त्यस्तै, सरकारी खर्चमा विनियोजन कुशलता वृद्धि गरी उच्च प्रतिफलयुक्त आयोजनामा लगानी केन्द्रित गर्ने, अनावश्यक सार्वजनिक संरचना खारेज गर्ने, गाभ्ने वा पुनःसंरचना गर्नेलगायतका विषय नीति तथा कार्यक्रममा अटाएका छन्।

पछिल्ला वर्षहरूमा निरन्तर कमजोर हुँदै गएको राजस्व प्रणाली सुधारका लागि पनि सरकारले कदम चाल्ने भएको छ। "औद्योगिकीकरण लगानी प्रवर्द्धन र अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कर प्रणालीमा संरचनात्मक रूपान्तरण गरिनेछ। कर प्रशासन सुधार र प्रविधिको प्रयोगबाट करदातामैत्री राजश्व प्रणाली सूचना विकास गरिनेछ," नीति तथा कार्यक्रममा भनिएको छ।

त्यस्तै, वैदेशिक सहायतालाई विकासको आवश्यकता र प्राथमिकताका आधारमा राष्ट्रिय प्रणालीमार्फत परिचालन गरिने जनाइएको छ । वैदेशिक लगानीलाई उच्च प्रतिफलयुक्त औद्योगिक तथा भौतिक पूर्वाधार आयोजनामा केन्द्रित गर्ने सरकारको नीति छ।

लगानी तथा वित्तीय स्रोतहरू जुटाउन विभिन्न नवीनतम उपकरणहरू खोजी गरिने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। "जलवायु वित्त कोषमा नेपालको पहुँच, नवीन प्रविधिको विकास, निजी क्षेत्रको लगानी तथा अर्थतन्त्रको उत्पादनशीलता अभिवृद्धि हुने गरी सहायता परिचालन गरिनेछ । परियोजना लगानीको आवश्यकता पूरा गर्न वैकल्पिक वित्त कोष स्थापना गरिनेछ", वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ"-"वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयकलाई संसद्को यसै अधिवेशनबाट पारित गरिनेछ ।" व्यापार सम्झौता विस्तार, वैकल्पिक वित्त र वस्तु विनिमयसम्बन्धी कानुन निर्माण, नवीन वित्तीय उपकरणमार्फत सम्भावना भएका सार्वजनिक पूर्वाधारमा निजी पुँजी आकर्षित गर्नेलगायतका विषयहरू सरकारको वार्षिक नीति तथा कार्यक्रममा महत्त्वका साथ राखिएको छ ।सोह्रौं योजनाको रणनीति अनुरूप सूचना प्रविधि, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारीमुखी आर्थिक वृद्धि एवं संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा कार्यान्वयन गर्दै सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ जोड दिइने जनाइएको छ। त्यस्तै, सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिको सङ्क्रमणलाई सहज तुल्याउने रणनीति लागू गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# विद्यालय कर्मचारीद्वारा आन्दोलन घोषणा




बुटवल । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच भएको ९ बुँदे सहमतिमाथि असन्तुष्ट व्यक्त गर्दै नेपाल विद्यालय कर्मचारी परिषद्ले आन्दोलनको घोषणा गरेको छ।

परिषद्ले शुक्रबार ७ बुँदे माग राख्दै आन्दोलनको घोषणा गरेको हो। जसमा शिक्षक र कर्मचारीबिचको विभेद अन्त्य हुनुपर्ने, हालसम्मका सहमति कार्यान्वयन हुनुपर्ने, विद्यालय कर्मचारीको बिरामी बिदा संचित गराउनुपर्ने, तलवमान कायम गर्नुपर्ने, विद्यालय कर्मचारीलाई पनि दुर्गम भत्ता दिनुपर्नेलगायत छन्।

शिक्षक महासंघको अगुवाइमा भएको शिक्षकको आन्दोलन २९ दिनपछि शिक्षा मन्त्रालय र महासंघका पदाधिकारीबीच वैशाख १७ गते ९ बुँदेसहित भएपछि स्थगित भएको थियो।

परिषद्ले महासंघको नेतृत्वले विद्यालय कर्मचारीलाई सडकमै बिना सूचना छाडिदिएको भन्दै आपत्ति जनाएको थियो।

परिषद्ले आन्दोलन बब्बन मिश्राको संयोजकत्वमा परिचालन समिति समेत गठन गरेको छ।

कर्मचारीले जेठ ३ गतेसम्म कार्यकक्षमै कालोपट्टी बाधेर काम गर्नेछन्। त्यस्तै जेठ ४ गते सबै पालिकामा ध्यानाकर्षण पत्र बुझाउँदै आन्दोलनबारे जानकारी दिइनेछ।

जेठ ५ गते जिल्लागत आन्दोलन परिचालन समिति गठन गर्नेछ। त्यस्तै जेठ ६ गते ७७ वटै शिक्षा विकास तथा समन्वय इकाईमा आन्दोलनको जानकारीसहित ध्यानाकर्षण पत्र बुझाइने छ।जेठ ७ गते ७ ओटै प्रदेशमाको सामाजिक बिकास मन्त्रालयमा आन्दोलनबारे ध्यानाकर्षपत्र बुझाइनेछ। र, जेठ ९ गतेदेखि काठमाडौँको माइतीघर मण्डलाकेन्द्रित सडक आन्दोलन हुनेछ।

# पोखरा विमानस्थलको न्यायिक छानवीन माग



बुटवल । माओवादी केन्द्रका महासचिव देवप गुरुङले पोखरा अन्तर्राष्ट्रि विमानस्थल निर्माणका क्रममा भएको भनिएको अनियमितताको न्यायिक छानबिन हुनुपर्ने बताएका छन्।

प्रेस सेन्टर कास्कीले पोखरामा गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले हालै संसदीय छानबिन उपसमितिले दिएको प्रतिवेदनका आधारमा न्यायिक छानबिन गर्नुपर्ने बताएका हुन्।

'पोखरा विमानस्थलबारे संसदीय समितिले नीतिगत प्रतिवेदन दिएको छ। यसका आधारमा कानुनविद्, इञ्जिनियर, प्राविधिक तथा अनुसन्धानकर्तासहितको न्यायिक छानबिन गरिनुपर्छ र दोषीहरू कारबाहीको भागीदार बन्नुपर्छ।'- उनले भने।

दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनेको वर्तमान सरकारले गर्ने राम्रा कामको माओवादी केन्द्रले जहिले पनि सहयोग र समर्थन गर्ने दाबी पनि उनले गरे।

उनले भने-'हामी परम्परागत ढर्राबाट चल्ने प्रतिस्पर्धी होइनौँ। गुण र दोषका आधारमा सरकारको समर्थन वा विरोध गर्छौं । सरकारले राम्रो काम गर्दा विरोध गर्दैनौँ तर हाल दुई ठूलासहितको बलियो सरकार हुँदासमेत राम्रो काम गर्न सकेको छैन।'

देशमा प्रतिगामी षड्यन्त्रलाई परास्त गर्न, राष्ट्रिय एकता र स्वाधीनताका लागि शान्तिसम्झौताका सहयात्री दलहरू एकैठाउँमा रहनुपर्ने आवश्यकता रहेकोमा पनि उनको जोड थियो।

पोखरा विमानस्थल निर्माणका क्रममा नीतिगत भ्रष्टाचार र गुणस्तरहीन काम भएको संसदीय छानवीन उपसमितिले निश्कर्ष निकालेको छ । उपसमितिले सार्वजनिक लेखा समितिलाई बुझाएको प्रतिवेदनमा १० अर्ब बढी भ्रष्टाचार र अयिमितता भएको उल्लेख छ।

**कस्तो...**

सरकारले विद्यालय शिक्षामा सामुदायिक र निजी विद्यालयको पाठ्क्रममा एकरुपता बनाउने घोषणा गरेको छ।

**स्नातकमाथिका विद्यार्थीलाई हप्ताको २० घण्टा काम**

सरकारले स्नातक माथिका विद्यार्थीलाई हप्ताको २० घण्टा कामको व्यवस्था गर्ने भएको छ। बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी कमाउँदै-पढ्दैको नीति लागु गरिनेछ। स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा इन्टर्नलाई प्रयोग गरिने पनि सरकारको नीति छ।

**स्वास्थ्य बीमा बोर्डको पुनर्संरचना**

सरकारले गम्भीर रोगको उपचार स्वास्थ्य बीमाबाट गर्न सुविधा थैली परिमार्जन गर्ने भएको छ। साथै स्वास्थ्य बिमा बोर्डको पुनर्संरचना गरिने छ। आधारभूत र अत्यावश्यक औषधि बिमा प्रणालीमा समेटिने समेत नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। अहिले स्वास्थ्य उपचारमा छरिएका सामाजिक सुरक्षाका कार्यक्रम एकीकृत गर्नुका साथै प्रभावकारी बनाइने छ।

**स्पोर्ट्स स्कूल कार्यक्रम**

सरकारले आगामी आर्थिक वर्षमा निजी क्षेत्रलाई पनि खेलकुदमा जोडिने किसिमको कार्यक्रमहरू समावेश गरेको छ । शुक्रबार जारी भएको नीति तथा कार्यक्रममा उक्त विषयहरू समावेश गरिएको हो । जसअनुसार संघ, प्रदेश तथा स्थानीय तह र खेल संघको सहकार्यमा स्पोर्ट्स स्कूल कार्यक्रम सञ्चालन गरिने बताइएको छ । त्यस्तै विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षण र खेलाडीको सहभागिता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

रंगशालालगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइने भएको छ । खेलकुदलाई निजी क्षेत्रका सामाजिक उत्तरदायित्व कार्यक्रमसँग पनि जोडिने छ। संघ, प्रदेश तथा स्थानीय तह र खेल संघको सहकार्यमा स्पोर्ट्स स्कूल कार्यक्रम सञ्चालन गरिने बताइएको छ। त्यस्तै विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षण र खेलाडीको सहभागिता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

रंगशाला लगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइने भएको छ। खेलकुदलाई निजी क्षेत्रका सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडिने छ।

**'जनरल नर्सिङ कार्यक्रम'**

सरकारले कक्षा १२ पास गरेका विद्यार्थीहरुले पढ्न पाउने जनरल नर्सिङ कार्यक्रम सुरु गर्ने भएको छ। स्वास्थ्य क्षेत्रको जनशक्तिको आपूर्ति सुनिश्चित गर्न जनरल नर्सिङ कार्यक्रम सञ्चालन गर्न लागिएको हो । 'जनरल नर्सिङ कार्यक्रम' को अवधि दुई वर्षको हुनेछ। हाल माध्यमिक शिक्षा परीक्षा (एसईई) पास गरेपछि प्रविणता प्रमाणपत्र (पीसीएल) नर्सिङ कार्यक्रम पढ्न पाइन्छ । सीटीईभीटी अन्तरगतको यो शैक्षिक कार्यक्रम तीन वर्षे हो। पीसीएल गरेपछि ब्याचलर अफ नर्सिङ साइन्स (बीएनएस) अध्ययन गर्न पाइन्छ, यो पनि ३ वर्षे शैक्षिक कार्यक्रम हो। विज्ञान संकाय लिएर कक्षा १२ पास गरेका विद्यार्थीका लागि चारवर्षे बिएसी नर्सिङ कार्यक्रम सञ्चालन छ।

**सहकारीकाको बचत फिर्ता गरिने**

सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको बचत फिर्ताको घोषणा गरेको छ। साना बचतकर्ताको बचत फिर्ता गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणका कोष खडा गरिने घोषणा छ । सहकारी नीतिको पुनरावलोकन गरी नयाँ नीति जारी गरिने घोषणा छ। सहकारी ऋण अशुली न्यायाधीकरण स्थापना गरिने घोषणा छ । सहकारी तथ्यांक प्रणालीलाई व्यवस्थापनलाई विद्युतीय सूचना प्रणाली स्थापना गर्ने घोषणा पनि सरकारले गरेको छ।

**सम्पत्ति व्यवस्थापन कम्पनी खोलिने**

सरकारले बैंकहरुको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा सम्हाल्नका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने भएको छ। खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनालाई सरकारले प्राथमिकता दिएको छ । नेपाल राष्ट्र बैंकले कम्पनी सञ्चालनका लागि ऐन ड्राफ्ट गरिसकेको छ।

**सत्ता पक्ष र प्रतिपक्षबाट आलोचना**

नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले नीति तथा कार्यक्रममा नयाँपन केही पनि नभएको बताएका छन् । संसद् भवन बाहिर पत्रकारहरूसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले भने-'मैले हेर्दा नयाँपन केही पनि छैन, यो परम्परागत छ।' नेकपा माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले सरकारले नीति तथा कार्यक्रममा निरस, परम्परागत र गन्तव्यहीन रहेको प्रतिक्रिया दिएका छन्।नेता पुनले विषयअनुसार स्पष्ट कार्यक्रम राखेपछि संसद्ले अनुमोदन गर्ने र त्यसमा बजेट राख्ने अभ्यास बदल्न खोजिएको उनले बताए। 'सरकार अलि गन्तव्यविहीन चलिरहेको छ, नीति पनि देखिन्छ,' उनले भने-'संसद्लाई छल्न खोजेको जस्तो देखिन्छ आफूलाई मन लागेअनुसार बजेट बनाउन पनि यस्तो गरिएको हुनसक्छ।' विगत सरकारका प्रतिबद्धता रोकिएको र यसबारे के गर्ने भन्ने स्पष्ट नपारिएको पनि उनले टिप्पणी गरे।

पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले सरकारले नीति तथा कार्यक्रममा गुणात्मक परिवर्तनको मौका गुमाएको बताएका छन् । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि प्रतिक्रिया जनाउँदै डा. भट्टराईले यस वर्ष पनि निरन्तरतामै आएको बताए।

'गुणात्मक महत्वको परिवर्तनका कुराहरू आउँछन् कि भन्ने मेरो अपेक्षा थियो। तर, मैले त्यस्तो पाइनँ,' संसद् भवनमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने-'निरन्तरतामै आयो। अहिलेको निम्ति त्यति पर्याप्त छैन। फेरि बजेटमा कस्तो व्यवस्था भएर आउँछ भन्ने हेर्न बाँकी छ।'

पूर्वअर्थमन्त्रीसमेत रहेका भट्टराईले जेनजी र स्टार्ट अपको विषय आए पनि बजेटमा त्यसलाई कसरी सम्बोधन गरिनेछ भनेर हेर्न बाँकी रहेको बताए । उनले नेपाल अहिले पनि कृषिप्रधान अर्थतन्त्र भएकाले वैज्ञानिक भूमिसुधार गर्ने नीतिगत व्यवस्था गरेर आशा जगाउन पनि सरकार चुकेको बताए। 'नेपाल अहिले पनि कृषिप्रधान अर्थतन्त्र हो। वैज्ञानिक भूमिसुधार हाम्रो संविधानमै उल्लेख छ। त्यसैले दशवटा कुरा गर्नुभन्दा वैज्ञानिक भूमिसुधार गर्नेछौं भनेको भए त्यसले आशा जगाउँथ्यो।'-उनले भने।

भट्टराईले दुई अंकको आर्थिक वृद्धिदर हासिल हुने गरी नीति बनाउने अवसर पनि गुमेको बताए।'आर्थिक विकासको पनि क्रमिक विकास मात्र भएको छ । अहिलेसम्म दुई अंकको आर्थिक वृद्धिदर हासिल हुन सकेको छैन । त्यसैले दुई अंकको आर्थिक वृद्धिदर हुने गरी नीति बनाउँछौँ भनेको भए अर्थतन्त्रको रुपान्तरणको अर्थ लाग्थ्यो,' उनले थपे-'सुशासनको क्षेत्रमा भ्रष्टाचार नियन्त्रण गर्ने बलियो अंग बनाउँछौं र यसलाई सुधार गर्छौं भन्न सकिन्थ्यो। त्यो पनि चुकेको छ।'सत्तारुढ दल नेपाली कांग्रेसका सांसद अर्जुनरसिंह केसीले नीति तथा कार्यक्रमले आशा र भरोसाको वातावरण सिर्जना गर्न नसकेको टिप्पणी गरेका छन् । संघीय संसद् परिसरमा नीति तथा कार्यक्रमबारे संक्षिप्त प्रतिक्रिया दिँदै उनले बलियो आँटसहित नआएको गुनासो गरे । 'कमजोर नै छ त भन्दिनँ। जुन खालको दह्रो आँटसहित यो समयसिमाभित्र यसरी जान्छौं भन्ने आशा भरोसाको वातावरण सिर्जना गर्नुपर्ने हो त्यो मैले देखिनँ।'- उनले भने। नीति तथा कार्यक्रमको प्रतिबद्धता र दृढता मुख्य कुरा भएको उनको भनाइ छ।

आम जनता पार्टीका अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य प्रभु साहले नीति तथा कार्यक्रम क्यान्सरको रोगीलाई टिबीको औषधि जस्तै भएको टिप्पणी गरेका छन्।राष्ट्रिय स्वतन्त्र पार्टी सांसद शिशिर खनालले सरकार थाकेर, हारेर, कल्पनाशीलता गुमाएर नीति तथा कार्यक्रम ल्याएको भन्दै यसमा कुनै पनि नयाँपन नभएको टिप्पणी गरेका छन्।

संसद् भवन नँयाबानेश्वरमा नीति तथा कार्यक्रमबारे टिप्पणी गर्दै उनले भने- 'यो अत्यन्तै सरकार थाकेर, हारेर, कल्पनाशीलता गुमाएर केही पनि नयाँ सिर्जनशील कामको घोषणा गर्न सकेको छैन।'

पहिलेका सरकारले हावादारी भए पनि सुन्दा रमाइला कार्यक्रम ल्याउने गरेको भन्दै खनालले यसपालीको कार्यक्रममा त्यो पनि नदेखिएको जिकिर गरे।

**निजी...**

सरकारले तोकेबमोजिम निर्वाह भत्ता पाउनुपर्ने माग राखी निजी मेडिकल कलेजहरूमा चिकित्सा शिक्षा स्नातकोत्तर तह (पीजी) अध्ययन गरिरहेका चिकित्सकहरू आन्दोलन गरिरहेका थिए।

चिकित्सा शिक्षा आयोगले गत माघमै निजी मेडिकल कलेजहरूले पनि सरकारी स्वास्थ्य सेवाको आठौं तहको मेडिकल अधिकृतसरहत निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेको थियो। तर, कलेज सञ्चालकहरूले उक्त निर्णय अवज्ञा गरिरहेका थिए।

**जथाभावी...**

'नगर स्वच्छ, सफा, हराभरा र सुन्दर राख्ने दायित्व हामी सबैको हो। हामीले सरसफाई गरिरहने र जथाभावी फोहोर पनि फालि नै रहने हो भने यो उद्देश्य पुरा हुन सक्दैन,' उनले भने-'त्यसकारण नगर सफा राख्ने कार्यमा सबैले सहयोग गरौं।'

नगरको सरसफाईका लागि बजार क्षेत्रमा दैनिक २ पटक नियमित फोहोरमैला संकल्न गर्ने ट्याक्टरले फोहोर संकलन गरिरहेको छ। यसका साथै घरदैलो र अधिकांस चोक चोकमा नियमित रुपमा फोहोर संकलन हुदै आएको फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख यादव सापकोटाले बताए । नगरपालिकाले फोहोरमैला व्यवस्थापन ऐन २०७४ अनुसार कसुर ठहर गरी सोही ऐन अनुसार नगरपालिकाले १३ जना जरिवाना तोकी कारवाहीको दायरामा ल्याएको उनले भने।

हामी नगरपालिकाको फोहोर व्यवस्थापनका लागि प्रतिबद्ध छौ । नगरको फोहोर ब्यवस्थापनमा ठूलो समस्याको रुपमा रहेको छ यसमा नगरवासीले पनि साथ दिन जरुरी रहेको छ । दीर्घकालिन समाधानका लागि विभिन्न प्रयासहरु भएपनि अझै सम्म सफलता हासिल नभएको सिद्धार्थनगर नगरपालिकाका मेयर ईस्तियाक अहमद खाँले भने। प्रयासरत रहेका छौ, सार्वजनिक साझेदारी अन्तर्गत निजी क्षेत्रको सहकार्यमा व्यवस्थापन गर्ने मनसायमा हामी पुगेका छौ। एशियाली बिकास बैंकको लगानीमा फोहोरमैला प्रशोधन केन्द्र बनाउने योजना राजनितिकीकरण भई स्थानियलाई बुझाउन नसक्दा फेल भई बजेट पनि फ्रिज भयो, अन्य पालिकासँग सहकार्य गरेर पनि कार्ययोजना बन्यो तर सफलता भने भएको छैन । नगरपालिकाले फोहोर उत्सर्जन हुने विन्दुमा नै फोहोरको वर्गीकरण गरि नगरपलिका वा निजी क्षेत्रको सहकार्यमा प्रसोधन सहितको काम गर्ने योजनामा रहेको मेयर खाँले भने।

हाल सिद्धार्थनगर १ डण्डा नदी किनारमा हाल उत्सर्जित फोहोरहरु व्यवस्थापन भइरहेता पनि दीर्घकालिन समाधानका लागि अन्य क्षेत्रको अनुसरण गर्ने गरि योजना बनाएका छौ । नगरपालिकाले पछिल्लो समय अभियानकै रुपमा जथाभावी फोहोर फाल्नेलाई सचेत गराउदै आएको छ। वर्षौ देखि फोहोर लिन जाने ट्याक्टर मार्फत पनि नगरवासीलाई सचेत गराउदै आएको नगरपालिकाले पहिल्लो एक सातामा सार्वजनिक सूचनाको अटेर गरि जथाभावी फोहोर फाल्ने १३ जनालाई जरिवाना स्वरुप पत्र काटेको छ । पटकपटक सूचना जारी गर्दासमेत अटेर गरी जथाभावी फोहोर फाल्न नछाडेपछि नगरपालिकाले व्यवसायिक फर्महरुलाई पहिलोपटकलाई पाँच हजारका दरले जरिवाना तोकिएको छ।नगरका सडकपेटी एवं सार्वजनिक स्थानहरुमा जथाभावी फोहोर फाल्ने १३ व्यवसायिक फर्मलाई जरिवाना तोकिएको छ । जरिवाना तोकिएकोमा वडा नम्बर ५ को गणेश लक्ष्मी कलेक्सन, हरि ओम फूल घर, के.जी फ्रूट एण्ड भेजिटेबल सप्लायर्स, आर.जे फ्रुट एण्ड सब्जी सप्लायर्स, वडा नम्बर ६ को नवदुर्गा प्लाष्टिक सप्लायर्स र वडा नम्बर १२ को बेबी लेण्डलाई पहिलोपटकलाई पाँचहजार जरिवाना तोकि कारवाही गरिएको छ।

यस्तै सिद्धार्थ प्याथोलोजी, गौतम ट्रेड सप्लायर्स, गुड हेल्थ फार्मेसी, राजु किराना, रुपन्देही नर्सरी, आरम्भ मेडिकल, नबिन यादव फेन्सी पसललाई जनही ५ हजारका दरले कारवाहीको लागि पत्र काटेको हो। फोहोरमैला व्यवस्थापन ऐन २०७४ अनुसार जरिवाना तोकिएको र उक्त जरिवाना तीन दिनभित्र नबुझाए थप कारवाही गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले जानकारी दिए । जथाभावी फोहोर फाल्नेहरुमाथि नगरपालिकाले निगरानी बढाएको र त्यसरी जो कोहीले सार्वजनिक स्थानमा फोहोर फालेको पाइए कारवाही गरिने उनले बताए।

नगरपालिकाले यस अघि पनि धेरै पटक व्यवस्थापनका लागि प्रयास गरेको हो। छिमेकी पालिकाको साझेदारी र सहकार्यमा समेत गर्ने योजना बनाउदा राजिनितीक पक्ष सहमत नहुदा राजनितिकरणले पटक पटक विथोलिएको हो । एसियाली विकास बैंकको सहयोगमा परियोजना ल्याउनेबारे छलफल भएपनि सफल हुन नसकेपछि अहिले निजी क्षेत्रलाई दिने निचोडमा नगरपलिका पुगेको प्रमुख प्रशासकिय अधिकृत थापाले भने।

नगरपालिकाले फोहोरमैला व्यवस्थापन ऐन २०७४ अनुसार नगरको फोहोरमैला व्यवस्थापन समितिमा नगरपालिकाको प्रमुख अध्यक्ष रहने गरि प्रमुख प्रशासकिय अधिकृत, २ जना वडाध्यक्ष, २ जना उद्योगी व्यवसियीका अध्यक्ष, नगरपालिकाको शिक्षा शाखा, फोहोरमैला प्रभावित क्षेत्रमा बसोबास गर्ने एक महिला सहित २ जना स्थानीय, फोहोरमैला व्यवस्थापन तथा खानेपानी सरसफाई संस्थाबाट ३ जना, योजना तथा शहरी शाखा प्रमुख, विज्ञ सदस्य रहने व्यवस्था छ भने फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख सदस्य सचिव रहने व्यवस्था छ।

ऐनमा नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गरे, घर कम्पाउण्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने गरेमा कसुर मानी पहिलो पटक पाँच हजार सम्म जरिवाना, दोस्रो पटक दश हजार सम्म, तेस्रो वा तेस्रो भन्दा बढि पटकगरेमा प्रत्येक पटकको पन्ध्र हजारको दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सकिने व्यवस्था छ । यस्तै ऐन बमोजिमको सेवा शुल्क नबुझाउने, वा बुझाउन अटेर गर्ने व्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्न सक्ने व्यवस्था समेत रहेको छ । जरिबाना गर्दा समेत जथाभावी फोहोर फाल्ने प्रवृत्ति अपेक्षाकृत रुपमा नघटेमा फोहोर फाल्नेलाई जरिवाना मात्रै नभई सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा समेत चलाउन सकिन्छ।

सिद्धार्थनगर नगरपालिका क्षेत्रको फोहोर झण्डै २ वर्ष देखि बेलहिया बुटवल सडक खण्डको नजिकै फालिदै आएको छ। नगरको फोहोर व्यवस्थापन वर्षौ देखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएकोमा स्थानीयले अवरोध गरेसँगै गत वर्ष साउन ४ गतेबाट केही समयको लागि भन्दै सिद्धार्थनगरले बनाएको पर्यटकीय गेट नजिकै नगरको फोहोर डम्पिङ क्षेत्र बन्यो। तर यहाँ भने फोहोर फाल्न लागेको यति समय बित्दा समेत नगरपलिकाले फोहोर व्यवस्थापन अन्यत्र गर्न सकेको छैन।

फोहोर नगरपालिकाले गेट नजिकै डण्डा नदीको किनारमा नगरपालिकाले व्यवस्थापन गर्दै आएको छ। केही समय देखि सिसाको टुक्रा संकलन केन्द्र बनेको सो क्षेत्रमा अहिले सिसा बाटोको पारि र फोहोर वारी तर्फ डम्पिङ भइरहेको छ।

सिद्धार्थनगर नगरपालिकाले वर्षौ देखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएको थियो । फोहोरले स्थानीय प्रभावित भएसँगै वडा नम्बर १ र २ का बासिन्दाले फोहोरको गाडी प्रवेश नै रोक लगाई विरोधमा उत्रेका थिए। यस अघि पनि स्थानीयले पटक पटक विरोध जनाएकोमा विभिन्न सहमतिमा विगत ३ दशक देखि नियमित रुपमा नगरको फोहोर सोही क्षेत्रमा व्यवस्थापन हुदै आएको थियो । स्थानीयले गरेको विरोधसँगै नगरपालिकाले फोहोर डम्पिङ क्षेत्रको स्थान नै परिवर्तन गरेको छ।

पुरानो ठाउमा स्थानीयले गरेको अवरोधका कारण एक वर्ष देखि सिद्धार्थ राजमार्ग नजिक पर्यटकीय गेटको पश्चिम तर्फ नदी किनारमा फोहोर व्यवस्थापन गर्दै आएको बताए। नगर क्षेत्रबाट संकलन भएको फोहोर गेट नजिकैको क्षेत्रमा ट्याक्टर मार्फत पठाउने, खाल्डोमा फोहार राखी सम्याउने र माटो पुर्ने गरी फोहोर व्यवस्थापन गरिरहेको नगरपालिकाले जानकारी दिएको छ । । डम्पिङ क्षेत्रमा गन्ध नआओस भन्नका लागि मट्टितेल, फिनेल र इमो झोल दैनिक रुपमा हाल्ने गरिएको छ। नगरपालिका दिर्घकालिन फोहरमैला व्यवस्थापनका सफल हुन नसक्दा फोहरको दिगो व्यवस्थापनमा कठिनाई हुने गरेको छ। छिमेकी पालिकाहरुको आपसी समन्वय र समझदारीमा फोहरको दिगो व्यवस्थापन गर्ने भनेपनि राजनीतिकरणले सफलता हासिल हुन सकिएको छैन। सिद्धार्थनगर मात्रै होइन रुपन्देहीको अन्य पालिकामा पनि यो समस्या चुनौतिको रुपमा रहेको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा पनि फोहोरमैला व्यवस्थापन हुन नसक्दा कोष परिसरमै फोहोर फालिदै आएको छ । फोहरमैला सबैजसो पालिकाका लागि साझा समस्या रहेको छ समाधान पनि साझा तरिकाले खोज्नु पर्छ।

सिद्धार्थनगर नगरपालिकाले डण्डा खोलामा फालेको फोहोरका कारण हवाई सुरक्षामा समेत चुनौती थपेको छ । विमानस्थलको वरपरसम्म फोहर फाल्नाले त्यहा उड्ने चराले उडानमा अवरोध गर्न सक्ने छिटै नै यस्को विकल्पको रुपमा व्यवस्थित दीर्घकालिन व्यवस्था गर्न जरुरी छ।


हावाहुरीबाट जोगिने उपाय

-घरको संरचना बलियो बनाऔं।
-हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं।
-छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं जस्तापातालगायतका सामग्रीहरु खुला र जथाभावी नराखौं।
-हावाहुरी चलेको बेला भागदौड नगरौं।
-सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं।
-पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक बसेर दुवै हाते टाउको छोपी घोप्टो परौं।

हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com